Public Defender Society of Nepal
सार्वजनिक प्रतिरक्षक समाज नेपाल
Defending the poor, ensuring justice
गरीबलाई प्रतिरक्षा, न्यायमा सुनिश्चितता

CDO office Reg. No. 912/2070-2072
SWC affiliation No. 41458

(A non-profit Organization, established for social service under Association Registration Act, 2034 (1977).

# फौजदारी मुद्दामा प्रतिरक्षक कानून व्यवसायीको दक्षता अभिवृद्धि सम्बन्धी तालिममा सहभागी हुन इच्छुक कानून व्यवसायीबाट दरखास्त आह्वान

उपरोक्त सम्बन्धमा न्यायाधीश समाज नेपाल र नेपाल बार एशोसिएशन समेतको सँयुक्त तत्वाधानमा दि इन्टरनेशनल लिगल फाउण्डेशन नेपाल (ILF-Nepal) ले यस अघिका वर्षहरुमा विभिन्न अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीहरु, जिल्ला कानूनी सहायता समितिसंग आवद्ध रहनु भएका कानून व्यवसायी, कानूनी सहायता प्रदायक संस्थाहरुसंग आवद्ध रहनु भएका कानून व्यवसायीहरु तथा बार एशोसिएशन सँग आवद्ध प्रतिरक्षक कानून व्यवसायीहरुको दक्षता अभिबृद्धिका लागी नेपालका विभिन्न ठाउँमा तालिम संचालन गरि ३७० जना कानून व्यवसायीहरुलाई ७ दिवसीय तालिम मार्फत प्रतिशिक्षित गर्नुको साथै ILF-Nepal को सह-उत्पादनको रुपमा यो संस्था दर्ता भएपश्चात यस PDS-Nepal ले ILF-Nepal मार्फत दिइएका तालिममा सहभागीहरु मध्ये १४३ जना कानून व्यवसायीलाई सन् २०१७ मा ३ दिवशीय पुनर्ताजगी तालिम संचालन गरी आएको व्यहोरा जानकारी गराउदै यस वर्ष (सन् २०१८) मा पुन: ७ दिवशीय **"फौजदारी मुद्दामा प्रतिरक्षक कानून व्यवसायीको दक्षता अभिवृद्धि सम्बन्धी तालिम"** प्रत्येक तालिममा अधिकतम १५ जना कानून व्यवसायीहरुलाई मात्र सहभागी गराउन सक्ने गरी विभिन्न पाँच स्थानहरुमा संचालन गर्ने लक्ष्य रहे अनुरुप पहिलो तालिम **विराटनगरमा** निम्न मितिमा संचालन हुन गइ रहेको हुँदा त्यस क्षेत्रका **झापा, मोरङ्ग, सुनसरी र उदयपुर** जिल्लामा व्यवसाय गरि आउनु भएका र फौजदारी मुद्दामा बढि दखल राख्ने इच्छुक कानून व्यवसायीले तपसिलमा उल्लेखित व्यहोराहरु उल्लेख गरी **मिति २०७४।११।४ गते शुक्रवार** सम्ममा निम्न व्यहोरा उल्लेख गरि सहभागीताको लागि आवेदन गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तालिम हुने मिति र स्थानः**

मितिः २०७४।१२। ०३ देखि २०७४।१२।०९ सम्म

स्थानः विराटनगर, होटलको नाम पछि जानकारी गराइनेछ।

**दरखास्तमा उल्लेख गर्नुपर्ने कुराहरुः**

१ पूरा नाम थर (नेपाली र अंग्रेजी दुइटैमा) २ ठेगानाः ३ शैक्षिक योग्यताः ४ अधिवक्ताको प्रमाणपत्र लिएको मितिः

५ अधिवक्ताको प्रमाण पत्र नम्बरः ६ मोवाइल नम्बर : ७ हाल आवद्ध बार इकाइः

८ कानून व्यवसायमा आवद्ध भएको अवधिः

९ सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको तर्फबाट प्रतिनिधित्व गरेको मुद्दा संख्याः

१० यस तालिममा सहभागी हुन इच्छुक हुनुको कारण र

११ **सरकारवादी फौजदारी मुद्दामा प्रतिरक्षक कानून व्यवसायीले निर्वाह गर्नु पर्ने भूमिका, देखिएका चुनौती र समाधानको उपाय समेतका विषय समावेश हुने गरि एक पेजमा नबढने गरि एउटा निवन्ध समेत संलग्न गर्नु पर्नेछ।**

**दरखास्त पठाउने ठेगानाः**

इच्छुक कानून व्यवसायीज्यूहरुले माथि उल्लेखित विवरण सहित यस संस्थाको इमेल **training@pds-n.org** मा इमेल गरि पठाउन हुन अनुरोध छ।

**नोटः-**

१. **सहभागी महानुभावहरुलाई तालिम अवधिभर खाने बस्ने ब्यवस्थाको प्रवन्ध यस संस्थाबाट नै गरिनेछ।**
२. **उपलब्ध संख्या तथा सहभागिता आवेदनको आधारमा तालिमको लागि कानून व्यवसायीको चयन गर्ने अन्तिम अधिकार यस संस्था संग रहनेछ।**
३. **परेको आवेदनको आधारमा तालिममा सहभागिताको लागि चयन गरिएका कुनै कानून व्यवसायी कारणवस तालिममा सहभागी हुन असमर्थ हुने भएमा सो कुराको जानकारी तालिम संचालन हुनु ७ दिन पूर्व नै गराई सक्नु पर्नेछ।**